# स्वच्छता सामाग्री खरिदका लागि बोलपत्र आह्वान सम्बन्धी सुचना !!!

प्रथम पटक प्रकाशित मितिः २०७८/०२/१६

बोलपत्र नं ०२/२०७७/०७८

महुली सामुदायिक विकास केन्द्र (MCDC) वि.सं २०५१ सालमा सप्तरी जिल्लामा स्थापना भएको मुनाफा रहित गैर सरकारी संस्था हो । स्थापना काल देखि नै यस संस्थाले विभिन्न सामाजिक क्षेत्रमा सक्रिय रुपमा कार्य गर्दै आएको सर्वविदित नै छ । BMZ/VCA को सहयोग र WHH को साझेदारीमा MCDC ले Strengthening Municipality-wide WASH Governance for Social Change in Saptari District NPL/1060-18 Project Province-2 मा सञ्चालन गर्दै आईरहेको छ । हाल नेपालमा नयाँ भेरियन्ट सहितको कोरोना भाईरसको सक्रमण बढ्दै गएको हुनाले COVID-19 वाट संक्रमित विरामी तथा आईसोलेसन सेन्टरको सहयोगको लागि लागि तपशिल बमोजिमका सामाग्रीहरुको आवश्यक भएकाले मिति २०७८/२/१४ गते बसेको खरिद समितिको निर्णय बमोजिम तल उल्लेखित शर्तमा रही सामाग्री आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ता (थोक तथा खुद्रा) बिक्रेताहरुवाट तोकिएको गुणस्तर र मापदण्डका सामाग्रीहरु खरिद गरिने प्रावधान अनुसार लाहाछाप शिलबन्दी दरभाउ आह्वानको लागि ५ दिनको सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. माँग गरेको सामग्रीहरु मध्ये पूर्ण वा आंशिक सामग्रीहरु आपुर्ती गर्ने इच्छुक आपूर्तिकर्ताले आफूले ईच्छाएको क्षेत्रमा सेवा दिनको लागि निम्न कागजात सहित बोलपत्र पेश गर्नुपर्नेछ ।

- फर्म/व्यवसाय/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, यदि फर्म नविकरण गर्नुपर्ने प्रकृतिको भए नविकरण पत्रको प्रतिलिपी समेत समावेश हुनु पर्नेछ ।
- VAT (मूल्य अभिबृद्धि) करको प्रमाण प्रतिलिपी
- कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी (आ.ब २०७५/०७६ को कर नविरकण)
- संस्थाले उपलब्ध गराएको कोटेशन फाराममा माग भए अनुसारको विवरणमा केरमेट नगरिएको हस्त लिखित वा कम्प्यूटर प्रिन्टवाट तयार गरिएको बोलपत्र पेश गर्नुपर्नेछ ।
- ईमेल मार्फत कोटेशन पेश गर्नु हुने फर्मले आफ्नो फाईललाई सुरक्षित पासवर्ड राखी पठाउनु पर्नेछ । बोल पत्र दाताले पासवर्ड दरभाउ पत्र खोल्ने दिन संस्थाले तोकेको आधिकारिक कर्मचारी वा खरिद समितिको पदाधिकारीलाई मात्र गोप्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।
- खामबन्दी बोलपत्रमा लाहाछाप सहित सफा नच्यातिएको खाममा वाहिर पटि प्रेषकको नाम, ठेगाना, सम्पर्क नं वा ईमेल ठेगाना उल्लेख गरिएको हुनु पर्नेछ । खाममा सम्पर्क नं वा ईमेल ठेगाना नभएको विवरणलाई छनौट प्रक्रियामा छनौट गर्न सकिने छैन ।

२. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था र सरकारी कार्यालय लगायत अन्य संघ संस्थाहरुमा सेवा प्रदान गर्दै आईरहेको भए सो को प्रमाणपत्र ।

३. शिलबन्दी दरभाउ पेश गर्ने समयावधि मिति २०७८/०२/१६ देखि २०७७/०२/२० गते बुधवार बेलुकी ३:०० बजे सम्म रहनेछ । तोकिएको समयावधि पश्चात प्राप्त शिलबन्दी दरखास्त स्वतः बदर ठहरिनेछ ।

४. शिलबन्दी दरखास्त पेश गर्ने आपूर्तिकर्ता सँग कम्तीमा सम्बन्धित सामाग्री आपूर्ति गर्ने कार्यमा अनुभव भएको हुनु पर्नेछ ।

५. प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्र हरुलाई सूचना प्रकाशित मितिले छैटौ दिन दिउँसो १ वजे संस्थाको खरिद समिति, संस्थाको पदाधिकारी तथा आमन्त्रित सदस्य लगायत बोलपत्र पेषक वा दाखिला गर्ने प्रतिनिधिहरुको रोहवरमा Online मार्फत खोलिनेछ । सो बारे सम्बन्धित ईच्छुक सेवा प्रदायकहरुलाई ईमेल वा फोन मार्फत २४ घण्टा अगाडि जानकारी गराइनेछ । तर कुनै पनि बोलपत्र दाताको प्रतिनिधि उपस्थिति हुन नसक्ने भनी जानकारी भएमा बोलपत्र खोल्न बाध्य पर्ने छैन ।

६. यस शिलबन्दी बोलपत्र सम्बन्धि विस्तृत विवरण प्राप्त गर्नका लागि कार्यालय समय भित्र संस्थाको सम्बन्धित कार्यलयमा सम्पर्क राख्न सकिनेछ र दरभाउको फाराम संस्थावाट Email मार्फत उपलब्ध गर्न सकिनेछ ।

नोटः कोटेशन माथिको सम्पूर्ण अधिकार संस्थामा नै निहित रहनेछ ।

**विस्तृत जानकारीको लागि तथा प्रस्तावना पेश गर्नका लागि सम्पर्क ठेगाना**

महुली सामुदायिक विकास केन्द्र (MCDC)

परियोजना कार्यालय, राजविराज सप्तरी (हिमालय टोल)

सम्पर्क नं :०३१-५२०२०८

Email-ID: mcdc.wash@gmail.com